# मार्मा गाउँपालिकाको

# आ.ब २०७९/०८० को नीति तथा कार्यक्रम

# २०७९

**जमन सिंह धामी**
**अध्यक्ष**
**मार्मा गाउँपालिका , दार्चुला**
**सुदूरपश्चिम प्रदेश**
**नेपाल**

यस एघारौ गाउँसभाको नीति तथा कार्यक्रम सार्बजनिकिकरण सत्रमा उपस्थित मार्मा गाउँपालिका उपाध्यक्षज्यू, मार्मा गाउँपालिकाका ६ वटै वडाका वडा अध्यक्षज्यूहरु , गाउँ कार्यपालिका सदस्यज्यू हरु , प्रमुख प्रशासकीय अधिकृतज्यू , गाउँसभाका सदस्यज्यूहरु, सुरक्षा निकायका प्रमुखज्यू, राजनीतिक दलका प्रतिनिधिज्यूहरु ,भूतपूर्व जनप्रतिनिधिज्यू हरु बिभिन्न संघ सस्थाका प्रमुख एवं प्रतिनिधिज्यूहरु, सल्लाहकार, संचारकर्मी, राष्ट्रसेवक कर्मचारी लगायत सम्पूर्ण मार्माबासि आदरणीय आमा-बुवा,दाजुभाई तथा दिदि-बहिनीहरु ,

यस गाउँपालिकाको आ.व २०७९-०८० को नीति तथा कार्यक्रम यस गरिमामय एघारौ गाउँसभा समक्ष प्रस्तुत गर्न पाउदा म गौरबाम्बित भएको छु । स्थानीय सरकार नेपालि जनताको त्याग बलिदान र लामो संघर्षको उपलब्धि हो । बलिदानीपूर्ण संघर्षबाट प्राप्त र एतिहासिक संबिधानसभाबाट जारी भएको नेपालको संबिधान अनुसार स्थापित स्थानीय तहहरुको अधिकारहरुलाई अभ्यास गर्ने अभियान अगाडी बढिरहेको छ । यस अवसरमा गणतन्त्र प्राप्तिका लागि जनयुद्ध ,जनआन्दोलन , मधेश आन्दोलन लगायतका आन्दोलनका क्रममा आफ्नो अमुल्य जीवन बलिदान दिनु हुने सम्पूर्ण ज्ञात अज्ञात अमर सहिदहरु प्रति भावपूर्ण श्रदान्जली अर्पण गर्दछु साथै बिभिन्न आन्दोलनका क्रममा घाइते बेपत्ता  नागरिक प्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु । राजनीतिक ,सामाजिक परिवर्तनका नेतृत्वदायी भूमिका निर्वाह गर्ने सबै अग्रजहरुप्रति आभार प्रकट गर्दछु ।

हामि एक स्वाधीन र सार्वभौमसत्ता सम्पन्न मुलुकका नागरिक हौ । प्राकृतिक भू-बनोट र आर्थिक पछौटेपनको कारणले हाम्रो बर्तमान परिबेश जटिल एवं चुनौतिपूर्ण भएतापनि भविष्य उज्जल र सम्भावनायुक्त छ । नेपालमा संघिय लोकतन्त्र सहितको गणतन्त्रात्मक शासन प्रणाली स्थापनार्थ बिभिन्न कालखण्डमा नेपालि जनताले गरेको त्यागले सिर्जित बर्तमान अवसरलाई आर्थिक ,सामाजिक रुपान्तरणको अवसरको रुपमा उपयोग गरि जनचाहना पुरा गर्ने अबको हाम्रो बाटो भनेकै चुनौतीका बिच पनि निरन्तर आर्थिक बिकास गर्ने हो । आत्मनिर्भर र स्वाधीन अर्थतन्त्र निर्माण गर्ने स्वच्छ प्रतिस्प्रधात्मक अर्थ व्यवस्था हाम्रो प्रस्थान बिन्दु हो । समाजबाद उन्मुख अर्थतन्त्र हाम्रो गन्तब्य हो । परिवर्तनलाई सस्थागत गरि बिकास र आर्थिक सम्बृद्धि सात्मसाथ गर्ने बर्तमान परिवेक्षमा प्रत्यक्ष र परोक्ष रुपमा कुशल भूमिका निर्वाह गर्नुहुने सम्पूर्ण मार्मा गाउँपालिकाबासी र सबै सुवेच्छुकहरु प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

मार्मा गाउँपालिका लोकतन्त्रका आधारभूत मूल्यमान्यता, मानबअधिकार, सामाजिक न्याय, सहकार्य-सहअस्तित्व र समन्वयको सिद्वान्तलाइ आत्मसाथ गर्दै विधिको शासन प्रति पूर्ण प्रतिबद्ध छ । लोकतन्त्रको अभ्यास संगसंगै शासकीय व्यवस्थामा आएको परिवर्तनको अनुभूति सम्पूर्ण मार्माबासि आमजनसमुदायले गर्न सकुन भन्नेमा मा अत्यन्त सचेत छु ।

गाउँपालिकाको भौगोलीक, सामाजिक, आर्थिक बिबिधता तथा सास्कृतिक एकतालाई आत्मसाथ गर्दै सन्तुलित र समन्यायिक बिकासको बाटोमा अघि बढ्न योजनाबद्ध र प्राथमिकताको आधारमा बिकास निर्माणका कामहरु हुनुपर्दछ भन्नेमा गाउपालिका प्रतिबद्ध छ । संघीय सरकारले अंगालेको **" समृद्ध नेपाल सुखी नेपालि "** भन्ने मान्यतामा आधारित जनउत्तरदायी, पारदर्शी, मेहनती र सहयोगी संयन्त्रबाट नै समृद्धि हासिल गर्न सकिन्छ भन्ने मान्यतालाई मार्ग दर्शनका रुपमा ग्रहण गरेको छु ।

नेपालको संबिधानको अधिनमा रही स्थापित मार्मा गाउँपालिका एक पृथक पहिचान बोकेको गाउँपालिका हो ।यस स्थानीय सरकारकारलाई सार्थक, समृद्ध र सक्षम एवंम सफलिभुत बनाउन आर्थिक बर्ष २०७९/०८० को नीति तथा कार्यक्रम प्रस्तुत  गर्न यस सम्मानित सभा समक्ष उपस्थित भएको छु ।

नीति तथा कार्यक्रमलाइ तर्जुमा गर्दा नेपालको संबिधान र प्रचलित ऐन-कानुनहरुले औल्याएका बिषय बस्तु, दिगो बिकासका लक्ष, १५ औ योजना ,मध्यकालिन खर्च संरचना  समेत आकलन गरि यस सभामा प्रस्तुत गर्न उपस्थित भएको छु ।

**उपस्थित  महानुभावहरु**,

मार्मा गाउँपालिकाको एघारौ गाउँसभामा यस गाउँपालिकाको " **जलस्रोत,जडीबुटी,एवंम् प्रयटन पूर्वाधारको बिकास , समग्र मार्मा गाउँपालिकाको समृद्धि र विकासमा हाम्रो प्रयास** " सहितको दीर्घकालीन सोचमा आधारित नीति तथा कार्यक्रम क्षेत्रगत रुपमा यस गरिमामय गाउँसभा समक्ष प्रस्तुत गर्न चाहन्छु ।

❖ **<u>आर्थिक बिकास</u>**

➢ **कृषि - खाध्य सुरक्षा , पशु बिकास र सिचाई**

- कृषि मा आधुनिकीकरण र यान्त्रिकरण को नीति अबलम्बन गरि कार्यान्वयनमा ल्याइने छ।
- माटो परिक्षण गर्ने कार्य को व्यवस्था गरि सोहि अनुसारको खेति गर्न प्रोत्साहन गरिनेछ।
- पालिका स्तरीय कृषि संकलन तथा भण्डारण केन्द्रको स्थापना गरिने छ।
- पालिका स्तर मा एउटा उच्चस्तरीय नर्सरी स्थापना गरिनेछ ।
- एक घर एक पोलिहाउस कार्यक्रम संचालन गरिनेछ पोलिहाउस नभएका घरमा अनुदानमा पोलिहाउस वितरण गर्ने कार्य अगाडी बढाइनेछ ।
- आधुनिक सिचाइ प्रणालीमा  बिशेष जोड दिइनेछ ।
- गाउपालिका भित्र रहेका सम्पूर्ण कृषि योग्य जमिनमा सिचाई को व्यवस्था मिलाउन  प्रयास गरिनेछ ।
- व्यवसायिक कृषि तथा पशुपालनमा सहभागी हुने कृषक हरुलाई तालिमको व्यवस्था गरिनेछ।
- एक वडा एक फलफुल तथा तरकारीको संरक्षण लागि निजि अन्य निकाय हरुसंगको सहकार्यमा  पोर्टेवल कोल्ड स्टोरेज स्थापना गरिने छ ।
- उन्नत जातको फलफुल तथा तरकारीको बिउ बेर्ना वितरण गरिनेछ ।
- एक स्थानीय तह एक माटो परिक्षण प्रयोगशाला को स्थापना गरिनेछ ।
- बाझो जग्गा सुधार तथा खेतीपाती सुधार कार्यक्रम अगाढी बढाइनेछ ।
- ट्राउट माछापालन कार्यक्रम अगाडी बढाउन इच्छुक किसान हरुलाई अनुदानको व्यवस्था मिलाइनेछ ।
- घुम्ती पशु सेवा नियमित रुपमा संचालन गरिनेछ।
- प्रतेक वडामा एक कृषि प्राबिधिक र पशु प्राबिधिक को व्यवस्था गरिने छ।
- १०० भन्दा बढी भेडा / बाख्रा पालन गर्ने प्रतेक किसानलाई बार्षिक  प्रोत्साहन भत्ता प्रदान गरिनेछ ।
- स्थापना भएका पशुपंक्षी बधशालाहरुलाई  स्वच्छता व्यवस्थापनमा निरन्तर प्राबिधिक सहयोग गरिनेछ ।

- बिपन्न संग पशु धन आयआर्जन कार्यक्रम अगाडी बढाईने छ ।

### ➢ संस्कृति प्रवर्धन तथा पर्यटन पूर्वाधार बिकास

- हिमाल दृष्यावलोकन पदमार्ग निर्माण गरिनेछ र परमचुला धार्मिक पर्यटकीय स्थलको रुपमा बिकास गर्न गुरुयोजना तयार गरि भौतिक पूर्वाधारको निर्माणको काम अगाडी बढाइनेछ ।
- तपोवन तिर्थ स्थल को सम्भाव्यता अध्ययन गरि निर्माण कार्य अगाडी बढाइनेछ ।
- मार्माको मौलिक लोक सस्कृति ,परम्परा ,भेषभुसा आदि झल्कने सामाग्री संकलन गरि एउटा मार्माली संग्रालय स्थापना गरिनेछ ।
- स्थानीय भाषा ,साहित्य ,कला र मौलिक संस्कृति संरक्षण र सम्बर्धन मा निरन्तर जोड दिइनेछ ।
- प्रदेश सरकार संग को समन्वयमा निर्माणाधीन सहिद पार्क को भौतिक पुर्वाधार बिस्तार गरिदै लगिनेछ ।
- संचालनमा रहेका लटिनाथ पर्यटकीय पूर्वाधार बिकास कार्यक्रम , गुल्जर पर्यटकीय पर्यटकीय पूर्वाधार बिकास कार्यक्रम लगायत पर्यटकीय क्षेत्र हरुको बिकासको कामलाई निरन्तरता दिइनेछ ।

### ➢ उद्योग

- मार्मा गाउपालिकाको वडा न २ स्थित घाटबगरमा मार्मा औधोगिक ग्रामको निर्माण कार्य तिब्र रुपमा अगाडी बढाइनेछ ।
- अहिले संचालनमा रहेको च्यूरी तथा साबुन उद्योगलाइ थप अनुदान सहित व्यवस्थित गरिनेछ ।
- घरेलु तथा साना उद्योग हरुलाई बिकास र व्यवसायीकरण क्षमता बिकास गर्न थप अनुदान को व्यवस्था गरिनेछ।
- संघ र प्रदेश सरकार संग को साझेदारीमा जडीबुटी प्रशोधन केन्द्र को स्थापना गर्न पहल गरिनेछ ।

### ➢ सहकारी तथा वित्तीय सेवा

- प्रत्येक घरधुरीलाई सहकारी तथा समुहमा आबद्ध गर्न प्रोत्साहित गरिनेछ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम र अध्यक्ष स्वोरोजगार कार्यक्रम मार्फत बेरोजगार युवा हरुलाई गाउँपालिका भित्रै रोजगारी सिर्जना गर्ने नीति अबलम्बन गरिनेछ ।
- स्थानीय उद्यम र उद्यमी प्रवर्धन गर्ने उदेश्य सहित पालिकामा संचालित लघुउद्यम बिकास कार्यक्रम को क्षेत्र सबै वडामा पुर्याइनेछ साथै स्थापित उद्यम हरुमा प्राबिधिक सहयोग निरन्तर गरिनेछ ।
- निर्माण गरिएका उद्योग लाइ सहकारी मार्फत गुणस्तरीय सेवा तथा बिस्तारमा जोड दिई रोजगारी अवसरहरुलाई बढाइने छन ।
- गाउँपालिकामा लघु वित्तीय शाखा स्थापना गरिनेछ प्रदेश सरकार र संघिय सरकार संग समन्वय गरि साना -मझौला उद्योग र व्यक्तिगत रुपमा समेत उद्योग संचालन गर्न चाहने व्यक्तिहरुलाइ आवश्यक बजेट को व्यवस्था मिलाइनेछ।
- कृषि मल तथा बिहु को बिक्रि वितरणको लागि सहकारी स्थापना गर्न प्रोत्साहन गरिने छ।

- न्युन आय भएका कृषकहरुलाइ व्यवसायिक कृषि खेति गर्न सुलभ रुपमा ऋण पुजी उपलब्ध गराउन पालिका स्तरीय सहकारीको विकास गरिनेछ । विगतमा गरीबि निवारण कोष द्वारा संचालित कार्यक्रम अन्तरगत वितरण सामुदायिक संस्थाहरुको घुम्ती कोष रकम समेत सहकारीमा एकिकृत गर्न पहल गरिनेछ ।

❖ **<u>सामाजिक बिकास</u>**

➢ **शिक्षा**

- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा शिक्षाक्षेत्र मा भएका नवीनतम प्रविधिलाइ शिक्षकको क्षमता बिकास सम्बद्ध बनाउन सुचना तथा प्रविधिको प्रयोग र व्यवस्थापन सिपको बिकासमा जोड दिइनेछ ।
- प्रत्येक बिद्यालयमा ई-लाइब्रेरी स्थापना गर्न प्रोत्साहन गरिनेछ ।
- बिज्ञान प्रयोगशाला,पुस्तकालय ,कम्पुटर ल्याब ,सास्कृतिक प्रयोगशाला थप बिस्तार गर्दै लगिनेछ ।
- गाउँपालिका क्षेत्र भित्र स्थापना भइ संचालनमा आएका बाल बिकास केन्द्रहरुमा शैक्षिक बातावरणमा टेवा पुर्याउन आवश्यक शैक्षिक तथा अन्य सामाग्रीहरु आवस्यकता को आधारमा व्यवस्था मिलाइनेछ ।
- विद्यालय क्षेत्रको सरसफाई तथा स्वच्छता अवस्थामा सुधार गर्न र शैक्षिक बातावरण टेवा पुर्याउन बाकि रहेका विद्यालयहरुलाई तीनतारे मोडेलमा बिकास गरिनेछ ।
- ब्यवसायीक तथा प्राबिधिक शिक्षालय लाइ स्तरउन्नति गर्न आवश्यक पहल गरिनेछ ।
- मार्मा गाउँपालिका भित्र स्थायी वसोवास भएका र मार्मा गाउँपालिका अन्तरगतका सामुदायिक विद्यालयबाट एस.ई.ई.परीक्षा उत्तीर्ण गरेका उत्कृष्ट एक जना विद्यार्थीलाइ एम.वि.वि.एस. अध्ययन गर्न बार्षिक रु १० लाखका दरले छात्रवृति उपलब्ध गराउने नीति लिइएको छ ।
- प्रत्येक बिद्यालयमा फर्निचर-डेस्क समस्या तथा  पुस्तक अभावलाइ व्यवस्थित गरिने छ ।
- न्युनतम पूर्वाधारको अभाव भएका बिद्यालय हरुमा २ बर्ष भित्र यथा सिघ्र भवन निर्माण सम्पन गर्ने गरि कार्य अगाडी बढाइनेछ ।
- गाउँपालिका भित्र संचालित  विद्यालय हरुमा विद्यार्थी को अनुपातमा बिषय शिक्षकको व्यवस्थापन गरिनेछ ।
- अध्यक्ष संग शिक्षक विद्यार्थी कार्यक्रम संचालनमा ल्याइनेछ ।
- SEE परिक्षामा सबैभन्दा प्रथम हुने बिद्यालय लाइ उत्कृष्ट बिद्यालय घोषणा गरि थप अनुदानको व्यवस्था मिलाइनेछ।
- लटिनाथ क्याम्पस को सर्वांगिक बिकासको लागि कार्ययोजना बनाइ अगाडी बढाइनेछ ।
- दलित ,बिपन्न ,सहारा बिहिन ,सिमान्तकृत तथा लोपोन्मुख समुदायका जेहेन्दार बालबालिकाहरुलाई उत्साहित गर्न छात्रवृत्ति कोष को स्थापना गरिनेछ साथै सहिद छात्रवृत्ति बिकास कोषका लागि बजेट सुनिश्चितता गरि प्रभावकारी ढंगले कार्यान्वयन मा ल्याइनेछ ।
- निजि श्रोत बाट १ देखि १२ सम्म संचालित बिद्यालय हरुलाई दिदै आइरहेको अनुदान लाइ निरन्तरता दिइनेछ।

- शैक्षिक क्षेत्र शुधार कार्यक्रम लाइ थप प्रभावकारी बनाइ कार्यान्वयन गरिनेछ ।
- बिद्यालय जाने उमेर पुगेका प्रतेक बालबालिका हरुलाई अनिवार्य रुपमा बिद्यालय जाने व्यवस्था गरिनेछ ।
- बालबालिकाको स्वास्थ्य तथा पोषणमा शुधार ल्याउन विद्यालयमा दिवाखाजा कार्यक्रमलाइ प्रभावकारी रुपमा कार्यान्वयन मा ल्याइनेछ।
- मार्मा गाउँपालिका भित्र रहेका टुहुरा विद्यार्थी बालबालिका अविभावक मार्मा गाउँपालिका कार्यक्रम संचालनमा ल्याइने छ।
- विद्यार्थी हरुको आधारभूत स्वास्थ्य परिक्षण को लागि प्रतेक बिद्यालयमा बर्ष को एक पटक स्वास्थ्य शिबिर संचालनमा ल्याइनेछ ।

➢ **स्वास्थ्य**

- प्रत्येक नागरिकलाई अनिवार्य स्वास्थ्य बिमा गर्न प्रोत्साहन गरिने छ ।
- महामारीको रुपमा फैलिएको कोभिड-१९ को प्रतिरक्षात्मक शक्तिको रुपमा संचालन हुदै आइरहेको खोप कार्यक्रम निरन्तरता दिईने छ ।
- कोभिड-१९ को प्रभाव देखिन सक्ने अवस्थालाई मध्यनजर गर्दै रोकथाम एबं व्यवस्थापन ,मनोपरामर्स तथा जनचेतना मुलक कार्यक्रममा जोड दिईने छ ।
- प्रत्येक गाउमा बिशेसज्ञ सहितको घुम्ती सेवा संचालनमा ल्याइनेछ ।
- उपाध्यक्ष सफा आमा स्वास्थ्य शिशु कार्यक्रम संचालनमा ल्याई सुरक्षित मातृत्व तथा परिवार स्वस्थ्य कार्यक्रम प्रभावकारी तथा गुणस्तरिय बनाउदै लगिनेछ ।
- बर्थीङसेन्टर हरुको गुणस्तर व्यवस्थापन गरि सुरक्षित प्रशुती सेवाको उपभोग दरमा वृद्धि गरिनेछ ।
- बाकि रहेका वडाहरुमा स्वास्थ चौकी भवन २ बर्ष भित्रमा निर्माण गर्ने गरि कार्य अगाडी बढाइनेछ ।
- स्वास्थ्य इकाई केन्द्र हरु थप गरि स्वास्थ्य सेवा प्रवाह लाइ थप व्यवस्थित बनाउने नीति अबलम्बन गरिएको छ।
- १० शैया को अस्पताल को रुपमा स्तरउन्नति भएको लटिनाथ स्वास्थ्य चौकीको भवन निर्माण कार्य २.५ बर्ष भित्रमा निर्माण गरिसकिनेछ साथै अस्पताल को स्वीकृत दरबन्दी अनुसार कर्मचारी व्यवस्थापनको लागि पहल गरिनेछ ।
- स्तरउन्नति स्वास्थ्य चौकी लटिनाथ बाट हाल प्रदान गर्दै आएको चिकित्सककिय सेवालाई प्रभावकारी बनाउन प्रयोगशाला ,एक्सरे ,अल्ट्रासाउण्ड ,डेन्टल लगायका सेवाहरुलाइ सुद्दधिकरण गरिने छ ।
- महिला स्वास्थ्य स्वयम सेविका हरुको निस्वार्थ सेवाको कदर गर्दै गाउँपालिका बाट प्रदान गरिदै आएको महिला स्वयम सेबिकाहरुको मासिक प्रोसाहन खर्चलाई थप गरि स्वास्थ्य स्वयम सेविका दिवसका दिन उत्कृष्ट स्वयम सेबिकाहरुलाई सम्मान गरिनेछ ।
- अध्यक्ष संग जेष्ठ नागरिक स्वास्थ्य परिक्षण कार्यक्रम संचालन गरि बाहिर हेर्दा स्वस्थ्य देखिने तर भित्र भित्रै बिकरालरुपमा जनस्वास्थ्यको समस्या रहेका नसर्ने रोगहरु ( उच्चरक्तचाप,मधुमेह,क्यान्सर,डिप्रेसन) को निदान गरि व्यवस्थापन तथा आवस्यकत परामर्श सेवा संचालन गरिनेछ।

- पाठेघर झर्ने (आङ खस्ने ) समस्या झेलिरहेका महिलाहरुलाई निशुल्क सल्यक्रिया शिविरमा सहभागी गराइनेछ।
- गर्भवती महिला तथा बालबालिकाहरुको पोषण स्थितिको लेखाजोखा गरि कुपोषणको व्यवस्थापनको लागि पहल गरिनेछ।
- स्वास्थ्य चौकी तथा सामुदायिक इकाईहरुबाट प्रदान गरिने सेवाहरुलाई व्यवस्थापन तथा सुद्दधिकरण गर्दै लगिने छ।

### ➢ खानेपानी तथा सरसफाई

- खानेपानी तथा सरसफाई क्षेत्रमा रहेका समस्या सामाधान गर्न पालिका स्तर मा एक खानेपानी तथा स्वच्छता इकाई ( वास युनिट )शाखाको स्थापना गरिनेछ ।
- २ बर्षभित्र गाउपालिकाको प्रतेक बस्तिमा एक घर एक धारा अन्तर्गत स्वच्छ ,सुरक्षित खानेपानी पुर्याइने छ
- निर्माण सम्पन्न ,नया तथा पुराना सबै योजनाहरुमा पानीसुरक्षा योजना लागुगरिने छ ।
- खानेपानीको दिर्घकालिन उपयोगलाइ मध्यनजर गरि खानेपानीका श्रोत हरुको संरक्षणमा बिशेष जोड दिइनेछ ।
- योजनाहरुको मुल्याङ्कन गरि बार्षिक रुपमा मर्मत संभारकोषको स्थापना गरिनेछ ।
- मार्मा गाउँपालिका भित्र रहेका सम्पूर्ण खानेपानी तथा सरसफाई का योजनाहरु एन -वास पोर्टलमा अद्यावधिक गर्दै लगिनेछ ।
- मार्मागाँउपालिका भित्रका सबै बिद्यालयमा बिद्यार्थी अनुपातमा स्वच्छ,सुरक्षित खानेपानी धारा निर्माण गरिनेछ ।
- पानीका श्रोत संरक्षण लागि परम्परागत खाल,पोखरी संरक्षण कार्यमा जोड दिईनेछ ।
- गाउँपालिकाका बस्तीहरुलाई पूर्ण सरसफाई युक्त नमुना गाउँ बनाउन अभियानको रुपमा बिस्तार गरिनेछ ।
- मार्मा गाउँपालिका भित्रका मुख्य बजार क्षेत्रमा सार्बजनिक शौचालय ,ढलनिकास र पानीधारा निर्माण गरिनेछ ।
- गाउपालिका स्तरमा हाल संचालनमा रहेको खानेपानी परिक्षण ल्याबलाइ थप व्यवस्थित गरि प्रतेक खानेपानी आयोजनाहरुको परिक्षण गरिनेछ ।
- प्रत्येक घरमा गुणस्तरिय शौचालय र धुवाँरहित सुधारिएको चुलो निर्माण गर्न अनुदानको व्यवस्था गरिने छ ।

### ➢ युवा तथा खेलकुद

- मार्मा गाउपालिका बाट राष्ट्रिय तथा क्षेत्रिय खेलहरुमा प्रतिष्पर्धा गर्ने खेलाडीहरुलाई प्रोत्साहन स्वरूप आर्थिक सहयोग गरिनेछ ।
- लटिनाथ खेल मैदान र तपोवन खेल मैदान को थप स्तरउन्नति गरिनेछ ।
- भलिबल,क्रिकेट ,फुटबल जस्ता खेलहरुलाई पालिका स्तरीय प्रतियोगिताको रुपमा आयोजना गरिने छ ।

- खेल र खेलाडीलाई उत्पादन र प्रोसाहन गर्न बिद्यालय स्तरमा खेलकुद सामाग्री वितरण गरिनेछ ।
- खेलक्षेत्रको सुधारको लागि पालिका स्तरीय खेलकुद समिति गठन गरिनेछ ।
- एक वडा एक खेलमैदानको नीति ल्याइनेछ ।

### ➢ **सामाजिक समावेशीकरण**

- उपभोक्ताहरुको उपभोग्य सामाग्रीहरुको गुणस्तर कायम राख्न नियमित बजार अनुगमन तथा गुनासो सुनुवाई सयन्त्र मार्फत गाउँपालिका क्षेत्र भित्रका बजार अनुगमन तथा बजार व्यवस्थापन सुधार गर्दै लगिनेछ ।
- लैंगिक समानता तथा सामाजिक समावेशीकरण ,बातावरण मैत्री स्थानीय शासन ,भिन्न क्षमता मैत्री अनिकुलित कार्यक्रम संचालनमा जोड दिइनेछ ।
- गरिबी न्यूनीकरण,महिला ,आदिबासी जनजाति ,दलित ,एकल महिला र अशक्त तथा भिन्न क्षमता भएका व्यक्ति हरुको क्षमता अभिबृद्धि गर्न साथै सहज जीवनयापन का लागि तालिम अभिमुखीकरण जस्ता बिशेस कार्यक्रम हरु संचालनमा ल्याइने छन ।
- गाउँपालिका भित्रका श्रमिकहरुको पेशाको सम्मानको वातावरण निर्माण गर्न गाउँपालिका बाट निर्माण हुने भौतिक पूर्वाधारमा स्थानीय श्रमिक परिचालन मा जोड दिइनेछ ।
- जनयुद्ध तथा जन-आन्दोलनबाट प्रभावित क्षेत्र तथा समुदायका कार्यक्रमहरु अध्यक्ष स्वरोजगार कार्यक्रम मार्फत उच्च प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।
- मार्मा गाउपालिका भित्र संचालन हुने सरकारी तथा गैरसरकारी काममा सग्लग्न हुने सम्पूर्ण श्रमिक हरुलाई नेपाल सरकारले निर्धारण गरे बमोजिमको पारिश्रमिक (ज्याला) अनिवार्य रुपमा उपलब्ध गराउने नीति अबिलम्बन गरिने छ ।
- महिला तथा बालबालिका तथा समाज कल्याण इकाई मार्फत संचालनमा रहेका कार्यक्रमहरुलाई निरन्तरता दीइने छ साथै महिला ,बालबालिकाका क्षेत्रमा गरिने जनचेतना मुलक अभियानहरुलाई अन्तर शाखा समन्वय र साझेदारीमा अगाडी बढाइनेछ ।
- १० बर्षे जनयुद्ध को क्रममा सहादत प्राप्त गर्ने योद्धाहरुको परिवारलाई प्रोत्साहन वाफत दिदै आएको प्रोत्साहन भत्ताको कार्यक्रम लाइ निरन्तरता दिइएको छ ।
- समुदाय-प्रहरी साझेदारी कार्यक्रमलाई गाउँपालिका संगको साझेदारीमा अझै प्रभावकारी बनाइदै लगिनेछ । ईलाका प्रहरी लटिनाथलाइ आवश्यक पर्ने व्यवस्थापकीय कार्यका लागि आवश्यक सहायोग प्रदान गरिनेछ।
- प्रतेक टोलहरुमा महिला तथा बाल समुह गठन गर्न प्रोत्साहन गरिने छ ।
- महिला बालबालिका तथा दलित अपांग हरुको हक अधिकार सम्बन्धि कानुनि व्यवस्था को बारेमा जनचेतना अभिबृद्धि गर्न कार्यक्रम संचालन गरिने छ ।

- महिलाहरुलाई सिपमुलक तालिमको व्यवस्था गरिनेछ साथै महिला व्यवसायी हरुलाई बिशेस सम्मान र प्रोत्साहन गरिनेछ ।
- सेवा शिबिर संचालन गरि अपांग सहायक सामाग्री हरुको लागि अनुदानको व्यवस्था गरिनेछ ।
- टुहुरा तथा अपांग बालबालिका हरुको पहिचान गरि निशुल्क शिक्षा प्रदान गरिनेछ ।
- बालश्रममुक्त मार्मा निर्माण गर्न कडाइका साथ बालश्रमलाइ नियन्त्रण गरिने छ ।
- लैंगिक हिँसा कोष को कार्यविधि निर्माण गरि कार्यान्वयन गरिनेछ ।

❖ **<u>पूर्वाधार बिकास</u>**

➢ **भवन तथा आवास**

- निर्माणाधीन प्रशासकीय भवनको निर्माण कार्य २ बर्ष भित्रमा सम्पन्न हुने गरि अगाडी बढाइनेछ ।
- निर्माण हुन बाकि रहेका वडा कार्यालय भवन हरु शिघ्र सम्पन्न गर्ने गरि कार्य अगाडि बढाइनेछ ।
- निर्माण हुन बाकि रहेका रहेका स्वास्थ्य चौकी भवन र स्वास्थ्य इकाई भवन हरु २ बर्ष भित्र मा निर्माण सम्पन्न गर्ने गरि कार्य अगाडी बढाइनेछ ।
- पालिका स्तरीय सभागृह को निर्माणको लागि कार्य अगाडी बढाइनेछ ।
- पालिका क्षेत्र भित्र निर्माण हुने भवन हरुमा भवन संहिता पूर्ण रुपमा कार्यान्वयन मा ल्याइनेछ ।
- आगामी आ.व देखि पालिका क्षेत्र भित्र बनिसकेका घर हरु अनिवार्य रुपमा पालिकामा अभीलेखिकरण गर्ने तथा नया बन्ने घर हरु अनिवार्य नक्सा पास गराई बनाउनु पर्ने नीति लिईएको छ ।

➢ **संचार**

- संचार सुबिधाबाट बन्चित बस्तीहरु को समस्या सामाधान गर्न १ बर्ष भित्र टेलिफोन ट्वावर निर्माण गर्न पहल गरिनेछ
- अहिले संचालनमा रहेको NTC टावरमा थप 4G सेवा बिस्तारको लागि पहल गरिनेछ।
- पालिका स्तरीय रेडियो मार्मा संचालनमा ल्याइने छ।

➢ **विद्युतीकरण**

- विद्युतीकरण हुन बाकी रहेका प्रतेक घरधुरीमा २ वर्ष भित्र बिजुलीबत्ती जडान गर्ने कार्य अगाडी बढाईनेछ ।
- मार्माका ब्यापारिक केन्द्र बिन्दु मानिएका मुख्य बजार सडक छेउमा सोलार बत्तीको ब्यबस्था गरिने छ।
- मार्मा गाउँपालिका मा सम्भाब्यता अध्ययन भइ निर्माणाधीन अवस्थामा रहेका योजना हरुलाई सम्पन्न गर्न पहल गरिनेछ साथै थप सम्भाव्यता भएका जलबिद्युत आयोजना निजि क्षेत्र र सरकारी निकाय संग समन्वय गरि कार्यान्वयन मा ल्याइनेछ ।
- हाल संचालनमा रहेका लघु जलबिधुत आयोजनाहरुलाई राष्ट्रिय प्रसारण लाइनमा जोड्ने प्रयास गरिनेछ।

➢ **सडक तथा पुल**

- कालोपत्रे को लागि ठेक्का प्रक्रिया भइ कार्यान्वयन को चरणमा रहेको बिटुले- पारिबगड सडक खण्ड २ बर्ष भित्र निर्माण सम्पन्न गर्न आवस्यक समन्वय सहित पहल गरिनेछ ।
- सडक संजाल बाट जोडिन बाकि रहेका वडा सदरमुकाम हरु १ बर्ष भित्र जोड्ने गरि निर्माण प्रक्रिया अगाडी बढाइनेछ ।
- सम्पूर्ण काठे पुल हरुलाई २ बर्ष भित्रमा बिस्थापित गरि पक्कि पुल निर्माण गर्ने कार्य अगाडी बढाइनेछ ।
- निर्माणाधीन तपोवन - मुरै- निम्ठा सडक , लटिनाथ -सार्सि-बजानी हुदै बैतडी जोड्ने सडक ,पारीबगड - गुल्जर -परमचुली सडक लाइ आवश्यक बजेट को व्यवस्था गरि निरन्तरता दिइनेछ ।
- शेरी निम्ठा सडकलाइ प्रदेश सरकारसंग समन्वय गरी कार्यान्वयन गरिनेछ ।
- ठेक्का प्रक्रिया भइ कार्यान्वयन को चरणमा रहेको भैशे-शेरी ,सीमार पर्पडा जोड्ने मोटेरेवल पुल को२ बर्ष भित्र निर्माण सम्पन्न गर्न आवस्यक समन्वय सहित पहल गरिनेछ ।
- शेरी- मर्मति- तपोवन सडक ,पर्पडा-बार्कु सडक , सार्सी – मटेला सडक ,च्युरानी-खोट्याडेरा –बग्जेवाला – दुनि सडक,पारिबगड-वाथी-तोलिमान्डु सडकको निर्माण कार्य अगाडी बढाउन संघीय सरकार र प्रदेश सरकार संग समन्वय गरि कार्यान्वयनमा ल्याइनेछ ।
- सडकमा पर्ने खोलाहरुमा मोटरेवल पुल को लागि पहल गरिनेछ ।
- चमेलिया नदीमा मर्मति देखि लटिनाथ जोड्ने मोटरेवल पुलको लागि संघ सरकार संग पहल गरिनेछ ।
- ३ वर्ष भित्र मार्मा गाउपालिका क्षेत्र भित्र रहेका कच्ची पदमार्ग हरुलाई पक्कि पदमार्ग को रुपमा स्तरउन्नति गरिनेछ।
- सबै बस्ति हरुलाई जोड्ने पदमार्ग छोटो सहज बनाउँन ३ बर्ष भित्र सक्ने गरि झोलंगे पुल निर्माण कार्य अगाडी बढाइनेछ।
- पालिका स्तरीय बषपार्क को अध्ययन गरि निर्माण कार्य अगाडी बढाइनेछ।

❖ **<u>बातावरण तथा विपद व्यवस्थापन</u>**

- मेलेगाड खोला ,चेमेलिया नदि ,नौगाड खोला ,घट्टेगाड खोला ,गनगडा खोला ,बत्थी खोला .काचुली खोला ,दोगडा खोला ,रिजडा पहिरो लगायत बाढीका कारणले भएको कटान नियन्त्रण गर्न तारजाली तथा तटबन्ध निर्माणको लागि बिशेष पहल गरिनेछ ।
- पहिरो गएका ठाउहरुमा बिक्षारोपण गर्ने कार्य अगाडी बढाइनेछ ।
- फोहरमैला विसर्जनको दिर्घकालिन समाधानका लागि डम्पिङ साइड निर्धारण गर्नेकाम अध्ययन गरि कार्यान्वयन मा ल्याइनेछ ।
- गाउँपालिका प्रकोप व्यवस्थापन कोष स्थापना गरि विपद जोखिम न्यूनीकरण तथा प्रतिकार्य योजना बनाइ कार्यान्वयन गरिनेछ ।
- विपद व्यवस्थापन, जलबायु परिवर्तन अनुकुलन तथा जोखिम न्यूनीकरण लाइ उच्च प्राथमिकता राखी कार्यान्वयन गरिनेछ ।

- काठ उत्पादन हुने बिरुवा वृक्षारोपण गर्न प्रोत्साहन गरिनेछ सडकका किनारामा वृक्षारोपण गर्ने कार्यमा जोड दिइने छ ।
- स्थानीय जनताको सहभागितामा बिटुले देखि पारिबगड सडक तथा अन्य सडक हरुको किनारमा ब्रिक्षारोपण कार्य अभियानको रुपमा संचालन गरिनेछ ।
- बातावरणीय संरक्षण ,जलबायु परिवर्तन तथा अनुकुलन र पानीका श्रोत संरक्षण गर्न दिर्घकालिन योजना तयार गरि कार्यान्वयन गरिनेछ ।
- पालिका भित्र रहेका सार्बजनिक बनहरु संरक्षण गर्न जोड दिइनेछ ।
- खानेपानी मुहान पोखरी ताल खोला क्षेत्रको सरसफाई तथा वृक्षारोपणमा जोड दिइने छ ।

➢ **सुशासन तथा सस्थागत बिकास**

- गाउँपालिका क्षेत्र भित्रका सार्बजनिक निकायहरु मार्फत प्रवाह गरिने सेवाहरुको कार्य सम्पादन मूल्यांकन गरि पुरुष्कार तथा दण्ड प्रणाली अबलम्बन गरिनेछ।
- सामाजिक सुरक्षा भत्तालाइ बैकिङ प्रणालीबाट बितरण गर्न सहजीकरण गरिनेछ साथै वडा कार्यालयहरुमा दर्ता भएका घटनाहरु अनिवार्य अनलाइन प्रविष्ट गरिनेछ।
- गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत बीच कार्य योजनाको सम्झौता गरिनेछ ,साथै प्रमुख प्रशासकिय अधिकृत र शाखा प्रमुख हरुबीच कार्य योजनाको सम्झौता गरि गाउँपालिकाबाट दिइने सेवा छिटो छरितो र प्रभावकारी बनाइनेछ ।
- न्याय सम्पादनको कामलाइ चुस्त दुरुस्त र प्रभावकारी बनाउन कानुनी सल्लाहकार नियुक्त गरी कामकारवाही लाइ व्यवस्थित गरिनेछ ।
- वडा मेलमिलाप केन्द्र संचालन र व्यवस्थापन लाइ थप प्रभावकारी बनाइनेछ।
- आर्थिक अनुशासन तथा पारदर्शीता कायम गरि सुशासनको प्रत्याभूति गराउन गाउँपालिका अन्तरगत कार्यान्वयन गरिने क्रियाकलाप हरुको सामाजिक परिक्षण ,सार्बजनिक सुनुवाई कार्यक्रम नियमित संचालन गर्ने र लेखा परिक्षण मार्फत शुन्य बेरुजु , भ्रष्टाचारमा शुन्य सहनशीलता कायम गर्ने नीति अबलम्बन गरिनेछ।
- आयोजनाहरुको दिगो बिकास व्यवस्थापन का लागि गाउँपालिका र वडा स्तरीय अनुगमन तथा मूल्यांकन समितिलाई थप क्रियाशील बनाइ परिचालन गरिनेछ।
- बिषयगत शाखा तथा वडा कार्यालयहरुको पालिका बाट नियमित अनुगमन गरि जनताको सेवा प्रभावको बारेमा जानकारी लिने नीति अबिलम्बन गरिनेछ ।
- कर संकलन गर्ने कार्य लाइ व्यवस्थित गरि पारदर्शी बनाउदै करको दायरा फराकिलो पार्दै लगिनेछ ।

**उपस्थित महानुभावहरु,**

गाउँपालिकाको बजेट विनियोजनमा योजना तर्जुमा तथा कार्यक्रमहरु छनौट गर्दा योजना प्राथमिकीकरणका लागि त्रिबर्षीय मध्यकालीन खर्च संरचनाको खाका सहितको बजेट तर्जुमा मार्गदर्शन लगायत

तपशिलका आधार तथा मापदण्डहरु समेत निर्धारण गरि योजना प्राथमिकिकरण गरिने समेत जानकारी गराउन चाहन्छु।

✓ **योजना प्राथमिकीकरणका आधार तथा मापदण्डहरु**

- आर्थिक बिकास र गरिबी न्यूनीकरणमा प्रतक्ष योगदान पुर्याउने,
- उत्पादनमुलक र छिटो प्रतिफल दिने,
- राजस्व परिचालनमा योगदान दिने,
- स्थानीय श्रोत साधनमा र सिपमा आधारित जनसहभागिता अभिवृद्धि गर्ने,
- लैंगिक समानता ,सामाजिक समावेशीकरण अभिवृद्धि गर्ने,
- स्थानीय सस्कृति र पहिचान प्रवर्धन गर्ने,
- दिगो बिकास ,बातावरण संरक्षण र विपद व्यवस्थापनमा योगदान पुर्याउने,
- सेवा प्रवाह ,सस्थागत बिकास र शुशासनमा योगदान पुर्याउने,
- जनयुद्ध तथा जन -आन्दोलनबाट प्रभावित क्षेत्र तथा समुदाय लाइ सहयोग पुर्याउने,

अन्तमा मार्मा गाउँपालिकाको यस एघारौ गाउँसभामा **"स्वरोजगार र श्रम पहिचान ,समृद्ध मार्मा निर्माणको अभियान "** ले यस गाउँपालिकाको दिर्घकालिन सोचलाई टेवा पुग्नेमा विश्वस्त छु,।

**उपस्थित महानुभावहरु,**

परिवर्तित राज्य व्यवस्था अन्तर्गत नेपालको संबिधानले सिर्जित अधिकारहरु र तिनको कुशल कार्यान्वयनको अभ्यास मार्फत समृद्ध गाउँपालिकाको निर्माणका लागि हामि माझ अवसर र चुनौती हरु उत्तिकै रहेका छन् । यिनै चुनौती हरुको सामना गरि आगाडी बढ्न मार्माबासि आमजनसमुदायहरु, गाउँपालिकाका क्रियाशील राजनीतिक दलहरु लगायत सरोकारवालाबाट निरन्तर सहयोग ,विस्वास र प्रतिबद्धता समेत सकारात्मक सहयोगको अपेक्षा गर्दछु।

साथै स्थानीय सरकार संचालन, निर्माण, आर्थिक सामाजिक, भौतिक तथा मानबिय बिकासका बिबिध पक्षहरुमा योगदान पुर्याउन सहयोग गर्नुहुनेछ भन्ने आशा राख्दै यहा उपस्थित जनप्रतिनिधिहरु ,गैर सरकारी क्षेत्र ,संचार जगत ,राष्ट्रसेवक कर्मचारीहरु ,यस गाउँपालिका बासि जनसमुदायहरु लगायत सम्पूर्ण शुभेच्छुकहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु।

**धन्यवाद !!!**